नेपाली राजदूतावास, बेइजिङ
尼泊尔驻华大使馆，北京
EMBASSY OF NEPAL, BEIJING

# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, बेइजिङमा १७ औं गणतन्त्र दिवस मनाउनका लागि राजदूतावासका कूटनीतिक कर्मचारी एवं परिवारका सदस्यहरुको उपस्थितिमा एक विशेष कार्यक्रम आयोजना गरियो। नेपाली राष्ट्रिय गान बजाएर शुभारम्भ गरिएको उक्त कार्यक्रममा नेपालको प्रजातन्त्र तथा गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात/अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै उहाँहरुको स्मरणमा एक मिनेट मौनधारण समेत गरिएको थियो।

उक्त अवसरमा जनवादी गणतन्त्र चीनका लागि नेपालका राजदूत महामहिम विष्णुपुकार श्रेष्ठज्यूले चीन, मंगोलिया तथा उत्तर कोरियामा रहनुभएका सम्पूर्ण नेपाली दिदिबहिनी तथा दाजुभाईहरुलाई शुभकामना व्यक्त गर्नुभयो। शुभकामना सन्देश दिदैं महामहिम राजदूतज्यूले नेपाली समाजलाई थप समृद्ध तथा समावेशी बनाउन नेपाली जनता तथा राजनीतिक दलले गरेको संघर्ष, बलिदान तथा समर्पणको उच्च प्रशंसा गर्नुभयो। साथै, गणतन्त्रलाई थप संस्थागत गर्न नेपाल सरकारबाट भएका विविध प्रयासबारे प्रकाश पार्दै नेपालको विकासका लागि सम्पूर्ण नेपाली जनता एकजुट भई लाग्नुपर्ने विचार समेत व्यक्त गर्नुभयो।

गणतन्त्र दिवसको उपलक्ष्यमा राजदूतावास परिसरमा जेठ १४ गते दिपावली गरिएको थियो। जेठ १५ र १६ गते पनि राजदूतावासमा दिपावली गरिने छ। गणतन्त्र दिवसको उपलक्ष्यमा नेपाली राजदूतावासको छतमा समेत नेपाली झण्डा फहराइएको थियो।

नेपाली राजदूतावास
बेइजिङ
२०८१/०२/१५

Beijing 100600, People's Republic of China